सबै सरकारी र सामुदायिक सेवाहरूले:

- तपाईंलाई स्वागतमय अनुभव दिनु पर्छ
- तपाईंसँग आदरपूर्वक व्यवहार गर्नुपर्छ
- अरूलाई जस्तै समान व्यवहार गर्नुपर्छ
- विभिन्न संस्कृतिहरूका बारे सचेत हुनुपर्छ
- तपाईंलाई आफ्नो अधिकार बुझ्न मद्दत गर्नुपर्छ।

तपाईंले कुनै पनि सेवा प्रदायकको बारेमा उजूरी दिन सक्नु हुन्छ।

## एन.एस.डब्ल्यू. (NSW) लोकपाल

हामी NSW मा रहेका सबै जनालाई सहयोग गर्न यहाँ हाजिर छौं।
हामी सबैसँग निष्पक्ष व्यवहार गर्न चाहन्छौं।
हाम्रो सेवा नि: शुल्क छ।

## हामीलाई सम्पर्क गर्नुहोस्

**फोनः** 02 9286 1000

**टोल फ्री (शुल्क नलाग्ने) नम्बरः** 1800 451 524
सिड्नी महानगर क्षेत्र बाहिरबाट फोन
गर्दा मोबाइल शुल्क लाग्न सक्छ।

info@ombo.nsw.gov.au

**राष्ट्रिय रिले सेवा** (National Relay Service) 133 677

**दोभाषेको लागि**
चरण १: **TIS लाई 131 450 मा फोन गर्नुहोस्**
चरण २: **NSW लोकपालसँग कुरा गर्न 9286 1000 मा फोन लगाउन आग्रह गर्नुहोस्**

www.ombo.nsw.gov.au

ISBN: 978-1-925885-61-3

Nepali | नेपाली

Ombudsman
New South Wales



# के तपाईंले NSW सरकारको सेवा वा सामुदायिक सेवामा समस्या भोग्नु भएको छ?

# तपाईंले शायद उजूरी गर्ने प्रयास गर्नु भएको हुन सक्दछ। तर समाधान भएन।



## के तपाईंलाई अन्यायपूर्ण व्यवहार गरिएको थियो जस्तो लाग्छ?

### तपाईंले सहयोग माग्नु भयो, तर:

- समस्या समाधान भएन
- थप जानकारी पाउनु भएन
- आफ्नो अधिकारको बारेमा थाहा पाउनु भएन।

### कर्मचारीहरू सहयोगी थिएनन्, वा

- उनीहरू अशिष्ट थिए र तपाईंलाई सम्मान गरेनन्
- उनीहरूसँग तपाईंको भाषामा जानकारी उपलब्ध थिएन
- उनीहरूसँग दोभाषे उपलब्ध थिएन।

## NSW लोकपालले तपाईंलाई मद्दत गर्न सक्दछ।

### हामी तपाईंलाई निम्न कुराहरूमा मद्दत गर्न सक्दछौं:

- सेवा प्रदायकलाई पत्र पठाउन
- सम्पर्क गर्नु पर्ने सही व्यक्ति फेला पार्न
- तपाईंको उजूरीबाट तपाईंले चाहनु भएको परिणाम प्रस्तुत गर्न

### हामीले निम्न कार्यहरू गर्न सक्छौं:

- समस्याको बारेमा तपाईंबाट कुनै कागजातहरू, जस्तै तपाईंले सेवा प्रदायकलाई लेखेको पत्र वा सेवा प्रदायकले तपाईंलाई पठाएका पत्रहरू, माग्न सक्छौं
- तपाईंको समस्या बारे तपाईंको सेवा प्रदायकसँग कुरा गर्न सक्छौं
- तपाईंलाई मद्दत गरेका अन्य व्यक्तिसँग कुरा गर्न सक्छौं।

अन्य मानिसहरूको पनि तपाईंको जस्तै समस्या हुन सक्छ। सबैको लागि उचित सेवाहरू उपलब्ध गराउन हामी सेवा प्रदायकहरूसँग सहकार्य गर्दछौं।